# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।०५

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. बालबालिका सम्बन्धी ऐन, २०७५ ले अवलम्बन गरेको मानव अधिकार सम्बन्धी मूलभूत अन्तर्राष्ट्रिय सिद्धान्तहरूको चर्चा गर्नुहोस् । साथै नाबालक संलग्न कसूरलाई छुट्टै अभियोजन गरिनुपर्ने, छुट्टै बाल अदालतबाट हेरिनुपर्ने तथा निश्चित समयावधिभित्र फैसला गरी सक्नुपर्ने जस्ता विशिष्ट बिषय कार्यान्वयनमा आउन नसकेको तथा बालसुधार गृहमा १८ वर्ष उमेर पूरा भइसकेका बालबालिका समेतलाई राखिनुपर्ने जस्ता कारणबाट उत्पन्न समस्याहरुको बारेमा चर्चा गर्दै यी समस्या के कसरी समाधान गर्न सकिन्छ ? मौलिक सुझाबहरू प्रस्तुत गर्नुहोस्। 15

२. नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने प्रयोजनका लागि विभिन्न निकायहरू क्रियाशील रहेका छन् । तर जे जसरी क्रियाशील भएको भनिए तापनि आफू र आफ्नो मातहतको भ्रष्टाचारलाई आफैँले निरुत्साहित र नियन्त्रण नगरेसम्म आशातीत रुपमा यसको नियन्त्रण हुन सक्ने देखिँदैन।

भ्रष्टाचारलाई पूर्णरुपमा निर्मूल गर्न नसकिए पनि यसलाई सकेसम्म कम गर्ने प्रयास गर्नुपर्ने नै हुन्छ। केही समय यता अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि भ्रष्टाचार नियन्त्रणका लागि उपचारात्मक प्रयास तिब्रतर रुपमा गरिरहेको पाइन्छ। केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकल सक्रियता र प्रयासले मात्र यो समस्या समाधान हुने देखिँदैन। यसमा आबद्ध अन्य निकाय र मूलतः हरेक कार्यालय/निकायले आफू र आफ्नो मातहतका निकायमा भ्रष्टाचार नगर्ने र गर्न नदिने हो भने यो समस्याको समाधान त्यति टाढा हुँदैन। समग्र प्रणालीको रोगको रुपमा रहेको भ्रष्टाचार नियन्त्रणका लागि व्यक्ति स्वयम् पनि जिम्मेवार रहनुपर्ने र कुनै गैरकानूनी माग कसैले गर्दछ भने के, किन र कसका लागि भन्ने प्रश्न गर्ने चेतना पनि जगाउन जरुरी देखिन्छ।

उपर्युक्त पृष्ठभूमिमा भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसक्नुका कारक तत्त्वहरूको बारेमा चर्चा गर्दै भ्रष्टाचार नियन्त्रणका लागि के, कुन निकाय, व्यक्तिको के कस्तो जिम्मेवारी रहने हुन्छ ? सो को विवेचना गर्नुहोस् । साथै, यसको नियन्त्रणका लागि अपनाउनुपर्ने नीतिगत, कानूनी र संस्थागत उपायहरूको बारेमा तार्किक सुझाब दिनुहोस्। 20

३. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ जारी भएपछि अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी आन्दोलन अझ सशक्त रुपले अगाडि बढेको हो। यो घोषणापत्र साझा मापदण्डको रुपमा आएको हुँदा आधारभूत नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको संरक्षण र पालना गरिने अपेक्षा गरिन्छ।

यसका आधारमा विभिन्न विषयगत अन्तर्राष्ट्रिय मानव अधिकारका महासन्धि तथा प्रतिज्ञापत्रहरू निर्माण भएका छन्। साथै, विश्वका राष्ट्रहरूले मौलिक अधिकारको रुपमा स्वीकार गरी त्यसको सम्मान, संरक्षण र पालना हुँदै आएको छ। यसरी मानव अधिकारका सिद्धान्तहरूले राज्यको कानून र शासन प्रणालीलाई बाटो देखाइरहेको हुन्छ।

यस सन्दर्भमा मानव अधिकारको सम्मान, संरक्षण र परिपालनाको लागि नेपालले निम्नलिखित बिषयहरूमा गरेका कानूनी व्यवस्था, तिनको पालना र प्रयोगमा देखिएका समस्याका सम्बन्धमा प्रकाश पार्नुहोस्। 20

क) बँधुवा मजदुर ख) यातना सम्बन्धी क्षतिपूर्ति ग) वातावरण संरक्षण घ) मानव बेचबिखन तथा ओसारपसार

क्रमशः

४. नेपालको दण्ड प्रणालीले सुधारात्मक सिद्धान्तलाई समेत आत्मसात गरेको छ । फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ ले कैद सजायको वैकल्पिक र सुधारात्मक उपायहरू अवलम्बन गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । तर यस्ता धेरै व्यवस्थाहरू लागू हुन सकेका छैनन् । सर्वोच्च अदालतले वैकल्पिक व्यवस्थाहरू कार्यान्वयनमा ल्याउन नेपाल सरकारका नाममा आदेशसमेत दिएको छ । यी प्रावधानहरू लागू गर्न नेपाल सरकारलाई आर्थिक श्रोतको व्यवस्थापन गर्नुपर्ने, जनशक्ति व्यवस्थापन गर्नुपर्ने, भौतिक पूर्वाधारको प्रबन्ध गर्नुपर्ने जस्ता चुनौतीहरू छन् । कानूनले स्वीकार गरेका मान्यताहरू कार्यान्वयन नगरी अन्यथा गर्न सकिँदैन ।

यस परिप्रेक्ष्यमा दण्डको सुधारात्मक सिद्धान्तको विश्लेषण गर्दै नेपाल कानूनले अवलम्बन गरेका कैद सजायका वैकल्पिक व्यवस्थाहरूको बारेमा विवेचना गर्नुहोस् । यी व्यवस्थाहरू लागू गर्न के कस्तो संस्थागत, कार्यविधिगत र मानव संसाधनको प्रबन्ध गर्नुपर्ला ? ठोस सुझाबहरु प्रस्तुत गर्नुहोस् । 20

५. नेपालको संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्थाका साथै धारा ६६ को उपधारा (२) मा राष्ट्रपतिले संविधान वा संघीय कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्दा संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिश र सम्मतिबाट हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ मा अदालतको फैसला बमोजिम ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन, त्यसलाई मुल्तवी राख्न, परिवर्तन गर्न वा कम गर्न गृह मन्त्रालयमार्फत् राष्ट्रपति समक्ष निवेदन दिन सक्ने त्यसपछि उक्त निवेदन आवश्यक कारबाहीको लागि राष्ट्रपतिले गृह मन्त्रालयमा पठाएमा नेपाल सरकार समक्ष पेश गर्दा विचार गर्नुपर्ने कुराहरू, माफी, मुल्तवी र सजाय परिवर्तन वा कम गर्न नमिल्ने नकारात्मक सूचीमा परेका मुद्दाहरू र गृह मन्त्रालयले माफी, मुल्तवी, सजाय घटी वा परिवर्तन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न नसक्ने अवस्थाहरू र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा कुनै कसूरदार कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले ५० प्रतिशत कैद सजाय भुक्तान गरे तापनि जन्म कैदको सजाय पाएको कसूरदारलाई कारागारले कारागार नियमावली बमोजिम बाँकी कैद कट्टा गर्न नसक्ने भन्ने उल्लेख भएको पाइन्छ ।

माथि उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट किशोर कुमार मानन्धरको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी रिगल ढकाल समेत भएको कर्तव्य ज्यान मुद्दाका प्रतिबादी रिगल ढकालका हकमा बाँके जिल्ला अदालतबाट निर्धारण भएको जन्मकैद (२० वर्ष) मध्ये भुक्तान गर्न बाँकी रहेको ११ वर्ष ११ महिना ५ दिन (५९.६६ प्रतिशत) कैद माफी दिने गरी भएको निर्णय उत्प्रेषणको आदेशबाट बदर गरी निज रिगल ढकालले भुक्तान गर्न बाँकी कैद निजलाई कारागारमा राखी असूल गर्नु भन्ने परमादेशको आदेशसमेत जारी गरी पाउन वारदातमा मृतककी पत्नीले सर्वोच्च अदालत समक्ष दिएको उत्प्रेषण परमादेशको रिट निवेदनमा सर्वोच्च अदालतबाट प्रत्यर्थी मध्येका रिगल ढकाललाई कर्तव्य ज्यान मुद्दामा शुरु जिल्ला अदालत र उच्च अदालतबाट ठहर गरिएको जन्मकैदको सजायमध्ये भुक्तान गर्न बाँकी कैद सजाय कट्टा गर्ने / कम गर्ने, छोट्याउने गरी भएका कामकारबाही समेत उत्प्रेषणको आदेशले बदर गरी निज प्रत्यर्थीलाई तत्काल पक्राउ गरी निजबाट असूल उपर हुन बाँकी देखिएको कैद निजलाई कारागारमा राखी कानून बमोजिम असूल गर्नू भनी परमादेश जारी भएको पाइन्छ । साथै, कैद कट्टा/कम गर्ने, छोट्याउने वा मिनाहा दिने जस्ता निर्णय गर्दा कानूनद्वारा निर्धारित प्रतिशतको सीमा बन्देजका अतिरिक्त पीडितको हक संरक्षित रहने गरी निजको सहमति मञ्जुरी समेत लिई पीडितलाई सामाजिक पुनः स्थापना र क्षतिपूर्तिसहितको न्याय प्राप्त भएको अवस्था सुनिश्चित गरी यस अदालतको आदेश र प्रतिपादित

क्रमशः

सिद्धान्तहरूसहित कानूनमा उल्लेख भएका अन्य शर्तहरू समेतको समुचित रुपमा अनुसरण गरी वस्तुगत आधार र उचित कारण अभिव्यक्त रुपमा खुलाएर मात्र त्यस्ता निर्णय गर्ने गर्नु भनी परमादेश समेत जारी भएको पाइन्छ। नेपालको संविधानको धारा १२६ को उपधारा (२) बमोजिम उक्त रिट निवेदनमा विपक्षी बनाइएका सरकारी निकाय तथा अधिकारीसमेत सबैले उक्त आदेशको पालना (कार्यान्वयन) गर्नुपर्ने हुन्छ।

उल्लिखित पृष्ठभूमिमा प्रस्तुत मामिलाको विषयवस्तु सम्बन्धी सैद्धान्तिक र अवधारणागत पक्षको बारेमा विवेचना गर्दै निम्नलिखित बिषयहरूमा प्रस्तुति दिनुहोस्। 25

क) उल्लिखित आदेश कार्यान्वयन गर्न के, कुन निकाय वा अधिकारीले के, कस्ता नीतिगत, कानूनी र संस्थागत उपाय अवलम्बन गर्नुपर्ला ?

ख) उल्लिखित निर्देशनात्मक आदेशसहितको परमादेशको पूर्ण कार्यान्वयनका लागि वर्तमान कानूनी प्रबन्धमा के कस्तो सुधार गर्नुपर्ने देख्नुहुन्छ ?

ग) प्रस्तुत विषयको कामकारबाही र निर्णयमा सम्बन्धित पीडितको सहमति वा मञ्जुरीको औचित्यको बारेमा स्पष्ट पार्दै पीडितको सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्यायमा प्रतिकूल असर नपर्ने गरी पीडितको सहमति वा मञ्जुरी आवश्यक नपर्ने कुनै अपवादजनक व्यवस्था गरिनुपर्ने आवश्यकता छ, छैन ? तार्किक रूपमा मौलिक सुझाब प्रस्तुत गर्नुहोस्।

**««« समाप्त »»»**